## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्या: २०७९/०८०-०२

मिति २०७९/०४/२६ समय: बिहान ०७:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| नामथर | पद |
|---|---|
| १) श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ४) श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ५) श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ६) श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ७) श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ८) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| ९) श्री हुम माया खान | गा.का.पा. सदस्य |
| १०) श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| ११) श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १२) श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १३) श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थिती:**

श्री दुर्ग बहादुर राना (सहायक पाचौं)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०७९/०४/२६** **वैठक संख्याः ०२-२०७९/०८०**

**प्रस्तावहरुः**

१. समिक्षा सम्बन्धमा
२. अनुगमन तथा जाँचबुझ प्रतिवेदन सम्बन्धमा ।
३. सशर्त, समपुरक बजेटबाट सञ्चालित आयोजनाको रकम भुक्तानी सम्बन्धमा ।
४. संघ संस्था समिति गठन, पुनर्गठन, अधिवेशन सम्बन्धमा ।
५. सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।
६. विपद व्यवस्थापनको लागि रुख कटान सम्बन्धमा ।
७. विपदबाट भएको क्षति सम्बन्धमा ।
८. दररेट स्वीकृत सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं. १:** यस अघीको कार्यपालिका वैठकको निर्णय कार्यान्वयनको प्रगति समीक्षा गरियो । स्वरोजगार कोष, वडा समिति वैठकको निर्णय गाउँपालिका पठाउनुपर्ने विषय, पदपूर्ति सूचना लगायतका विषयमा छलफल समीक्षा गरियो ।

**निर्णय नं. २:** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराको च.नं. ०१२३ मिति २०७९/०४/०१ को प्राप्त पत्रको विषयमा प्रतिक्रिया उपलब्ध गराउनको लागि यस अघिको कार्यपालिका वैठकबाट अनुगमन समिति गठन भएको र उक्त समितिले दिएको प्रतिवेदन समेतको आधारमा देहाय अनुसारको प्रतिक्रया उपलब्ध गराउने निर्णय गरियो ।

१. साउने हुँदै फोस्रेपानी, कर्तापु जाने बाटोमा रुख फँडानी सम्बन्धमा बुझ्दा उक्त बाटोको साउने फोस्रेपानी खण्ड पुरानो बाटो भएको आ.व. २०७८/०७९ मा स्तरोन्नतीको काममा ग्यावियन राख्ने बाटो सफा गर्ने काम भएको र कर्तापुको बाटोमा भिरापाखा र खरबारी मात्र भएकोले रुख फँडानी नभएको पाइयो ।
२. देवघाट गाउँपालिकामा कुनै पनि विद्यालय अन्यत्र सारेको थाहा छैन । यस विषयमा कुन विद्यालय कुन ठाउँमा सारेको हो भन्ने विषय सम्बन्धित निवेदकलाई नै जानकारी छ होला ।
३. देवघाट गाउँपालिकाको मुल बाटो हो कि शाखा बाटो हुन पहिले यस बारे थाहा छैन । कुनै पनि बाटोको विस्तार गर्दा अनुगमन समिति, निर्माण उपभोक्ता सममुहले बाटो विस्तारमा अनियमितता गरेको जानकारी छैन ।
४. अघिल्लो आ.व.हरुमा नदीजन्य वस्तुहरुको उत्खनन कानूनी प्रक्रिया अनुसार भएको र कार्यविधि भित्र रहेर ढुङ्गा, गिट्टी, वालुवा उत्खनन तोकिएको समय सिमा भित्र र तोकिएको परिमाणभित्र भएको पाइन्छ ।

तिल बहादुर थापा
अध्यक्ष

रामु सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

५. देवघाट गा.पा. भित्रको भित्री बाटो र खेलकुद मैदान निर्माणमा प्राविधिक लागत स्टिमेट अनुसार भएको पाइन्छ । यस क्षेत्रको निर्माण आर्थिक अनियमितता नभएको जानकारी गरिन्छ ।

६. सरकारी जंगल फडानी गरी सुकुम्वासीको नाममा जग्गा वितरण गरेर प्रति परिवार रु. ५०,०००/- (पचास हजार रुपैया) लिएको जानकारी नभएको अवगत गरिन्छ ।

अन्तमा बाटो, खेलकुद मैदान निर्माण गर्नु पूर्वा प्राविधिक फिल्ड अनुगमन गरी लागत अनुमान पश्चात मात्र निर्माण कार्य शुरु हुन्छ । निर्माण कार्य सम्पन्न भएपछि प्राविधिक नापजाँच एवं अनुगमन सहित प्रतिवेदन तयार भएपछि बजेट निकाशा गर्ने हुनाले अनियमितता भएको छैन ।

**निर्णय नं. ३:** देवघाट ५ मा रहेको वेद वेदाङ्ग विद्यालयको लागि ४ कोठे भवन निर्माणको लागि रकम ढिला प्राप्त भएको, स्थानीय तह निर्वाचनको कार्यक्रमले गर्दा निर्माण कार्यमा पनि प्रभाव परी काममा ढिलाई भएको कारणले गर्दा कार्य सम्पन्न भई बिल भरपाई ढिला प्राप्त भएको हुँदा सोही आर्थिक वर्षमा भुक्तानी दिन नसकिएको तर काम सम्पन्न भइसकेकोले भुक्तानी दिन बाँकी रकम रु. ३४,९२,०००/- (अक्षरुपी चौंतिस लाख बयानब्बे हजार रुपैया मात्र) यस आ.व. २०७९/०८० मा उपलब्ध गरादिनको लागि सम्बन्धित निकायमा अनुरोध गरी लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४:** देवघाट गाउँपालिकामा दर्ता भएका तथा देवघाट गाउँपालिका स्तरीय र वडा स्तरीय विभिन्न संघ, संस्था, सञ्जाल, समितिले विधान अनुसार साधारणसभा/अधिवेशन गर्नुपर्ने भए यही भाद्र महिना भित्रमा गरी सो को अधिवेशन वडा तथा गाउँपालिकामा बुझाउनको लागि सूचना जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** वडा कार्यालयले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नियमित रुपमा अध्यावधिक गर्न तथा मृत्यु भएका र बसाई सरी गएका लाभग्राहीहरुको नाम समयमा नै लगत कट्टा गर्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** गाउँपालिका विपद व्यवस्थापन समितिको मिति: २०७९/०३/०६ को निर्णय अनुसार देवपुर, टाउनचोक, धर्मार्थ अस्पताल, देवघाट क्षेत्र विकास समितिको कार्यालय छेउको रुखहरु समयमा नै हटाएर सम्भावित जोखिम कम गर्नुपर्ने भएकोले यसको लागि जिल्ला विपद व्यवस्थापन समिति र डिभिजन वन कार्यालय तनहुँमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७:** हाल अविरल वर्षातको कारणले विपद भई तपसिल अनुसारको क्षति भएकोले विपद व्यवस्थापन शिर्षकबाट लागत इष्टिमेट अनुसार खर्च गरी मर्मत सम्भार तथा निर्माण गर्ने र क्षतिपूर्ति राहत दिने निर्णय गरियो ।

तपसिल:

१. वडा नं. ५ क्रादी, नवराज गुरुङको घरमा क्षति पुगेकोले क्षतिपूर्ति राहत स्वरुप रु. १५,०००/- (पन्ध्र हजार) भुक्तानी दिने ।
२. वडा नं. २ कोटवैदी स्थित सिद्ध आधारभूत विद्यालय भवनको जस्तापता उडाएको र कम्पाउण्डको तार जाली क्षती बएकोमा मर्मत गर्ने र नयाँ जस्तापताले छाउने काम लागत इष्टिमेट अनुसार गर्ने ।
३. वडा नं. ३ बालकेश मा.वि. छिपछिपेको विद्यालय भवन पछाडी भत्किएको र विद्यालयमा जोखिम भएकोले लागत इष्टिमेट अनुसार निर्माण तथा मर्मत सम्भार गर्ने ।

तिल बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ८:** आर्थिक वर्ष २०७९/०८० को लागि निर्माण सामाग्री, ढुवानी, मेशिन, उपकरणको भाडा, कामदारको ज्याला आदिको दररेट निर्धारण गर्न गठन भएको देवघाट गाउँपालिकाको दररेट निर्धारण समितिको मिति २०७९/०४/२५ गतेको वैठकको सिफारिस बमोजिमको आ.व. २०७९/०८० को दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

तिल बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत